RELIANCE LIFE INSURANCE
खुलेर जिऔं

# आर्थिक वर्ष २०७९/८० को दोस्रो त्रैमासिक (पौष मसान्त) सम्मको वित्तीय विवरण

(रकम रु. हजारमा)

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो आ.व. को सम्बन्धित त्रैमासिकका अन्त्य सम्ममा |
|---|---|---|---|---|
| | **वासलात** | | | |
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | ६,८०९,४२१ | ६,४५९,९१९ | ५,६८३,४९३ |
| १.१ | चुक्ता पूंजी | २,१००,००० | २,१००,००० | २,१००,००० |
| १.२ | जगेडा तथा कोष | ३९९,४१२ | ३६९,५१५ | १८१,७५३ |
| १.३ | जीवन बीमा कोष | ४,२५३,३४९ | ३,९३७,२४५ | ३,३६९,२६४ |
| १.४ | महाबिपत्ती कोष जगेडा | ५६,६६० | ५३,१६० | ३२,४७६ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | - | - | - |
| २ | उपयोग(२.१ देखि २.६ सम्म) | ६,८०९,४२१ | ६,४५९,९१९ | ५,६८३,४९३ |
| २.१ | स्थिर सम्पति(खुद) | ६६,२२९ | ६८,३९८ | ६६,३३५ |
| २.२ | दीर्घकालिन लगानी तथा कर्जा | ४,१८३,८१० | ४,१०६,३१० | ३,०७५,४४६ |
| २.३ | बीमालेखको धितोमा कर्जा | ६२८,७८७ | ५६६,१६२ | २८०,७०६ |
| २.४ | अन्य दीर्घकालिन कर्जा | ४६,८२४ | ४८,२३८ | ७३,७०७ |
| २.५ | खुद चालु सम्पत्ती (३-४) | १,८८३,७७१ | १,६७०,८११ | २,१८७,२९९ |
| २.६ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | - | - | - |
| २.७ | नाफा नोक्सान हिसावबाट सारेको नोक्सान | - | - | - |
| | खूद चालु सम्पत्तीको विवरण | - | - | - |
| ३ | चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु (३.१ देखी ३.३ सम्म) | ३,१०८,२२५ | २,७८०,४६२ | २,७६०,३२३ |
| ३.१ | नगद तथा बैंक मौज्दात | ३९४,५१८ | २८६,२१० | ५०९,५५७ |
| ३.२ | अल्पकालीन लगानी तथा कर्जा | २,३०४,२५७ | २,११७,९४९ | १,९३९,८३४ |
| ३.३ | अन्य सम्पत्ती | ४०९,४४९ | ३७६,३०३ | ३१०,९३२ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखी ४.४ सम्म) | १,२२४,४५४ | १,१०९,६५२ | ५७३,०२४ |
| ४.१ | चालु दायित्व | ५३९,०३८ | ५१५,२२५ | ५०३,४०२ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | १७१,४९५ | १४२,६६० | ३३,९८४ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ४४३,०९० | ३८९,८०९ | २,०७० |
| ४.४ | अन्य व्यवस्था | ७०,८३१ | ६१,९५८ | ३३,५६८ |
| | **नाफा नोक्सान हिसाव** | | | |
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | २१६,०२५ | १६२,७३१ | ११५,२८० |
| १.१ | आय व्यय हिसावबाट सारेको | १०६,८२६ | १०६,४६४ | २२,६०२ |
| १.२ | जीवन बीमा कोषवाट सारेको | - | - | - |
| १.३ | लगानी कर्जा तथा अन्यवाट आय | १०९,१९९ | ५६,२६७ | ९२,१०५ |
| १.४ | व्यवस्था फिर्ता | - | - | - |
| १.५ | अन्य आम्दानी | - | - | ५७४ |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८ सम्म) | ४९,२४१ | ३०,९५० | ३९,२४६ |
| २.१ | व्यवस्थापन खर्च | १८,७५५ | ९,४५९ | २१,६४३ |
| २.२ | अपलेखन खर्च | - | - | - |
| २.३ | शेयर सम्बन्धी खर्च | ४२१ | ४२० | ५७० |
| २.४ | अन्य खर्चहरु | २७६ | २०५ | ७२ |
| २.५ | नोक्सानीको लागी व्यवस्था | ११,२५८ | ६,२२४ | ८,५१३ |
| २.६ | कर्मचारी आवास व्यवस्था | - | - | - |
| २.७ | कर्मचारी वोनस व्ययवस्था | १८,५३२ | १४,६४२ | ८,४४८ |
| २.८ | समायोजित आयकर | - | - | - |
| २.९ | जीवन बीमा कोषमा सारेको | - | - | - |
| | खुद नाफा/नोक्सान(१-२) | १६६,७८४ | १३१,७८१ | ७६,०३४ |
| | **एकिकृत आय व्यय हिसाव** | | | |
| १ | आय (१.१ देखी १.७ सम्म ) | २,०९९,७९० | १,३३६,३०५ | १,५६५,८१४ |
| १.१ | बीमाशूल्क (खूद) | १,३७१,२८३ | ७२९,९४० | १,३५६,९५१ |
| १.२ | पुनर्बीमा कमिसन आय | - | - | - |
| १.३ | लगानी, कर्जा तथा अन्यवाट आय | १९७,४२० | ९४,३७४ | १३२,७४४ |
| १.४ | बीमालेखको धितोमा कर्जावाट आय | २९,८९४ | १३,१७३ | १२,५०१ |
| १.५ | अन्य प्रत्यक्ष आय | ४,७७२ | २,२६१ | ३,३६७ |
| १.६ | त्रैमासिकको शुरुको भूक्तानी हुन बाँकी दावी बापत व्यवस्था | २६४,८७१ | २६५,००८ | २,५४३ |
| १.७ | त्रैमासिकको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | २३१,५४९ | २३१,५४९ | ५७,७०७ |
| २ | व्यय (२.१ देखी २.१० सम्म) | १,४४७,५११ | १,०००,४९२ | ७७०,६९९ |
| २.१ | दाबी भुक्तानी (खुद ) | ४७७,१४५ | २७६,१२१ | २८६,३६३ |
| २.२ | अभिकर्ता कमिशन | १८४,११२ | ९९,२२६ | २३७,७५८ |
| २.३ | स्वास्थ्य परीक्षण शुल्क | ५९५ | २४९ | २,१७२ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | - | - | - |
| २.५ | सेवा शुल्क (खुद) | २,२७६ | ७,२९९ | १३,५७० |
| २.६ | अन्य प्रत्यक्ष खर्च | - | - | - |
| २.७ | व्यवस्थापन खर्च | १६८,७९८ | ८५,१२७ | १९४,७८३ |
| २.८ | आयकर | - | - | - |
| २.९ | त्रैमासिकको अन्त्यको भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था | ४४३,०९० | ३८९,८०९ | २,०७० |
| २.१० | त्रैमासिकको असमाप्त जोखिम बापत व्यवस्था | १७१,४९५ | १४२,६६० | ३३,९८४ |
| ३ | वचत(१-२) | ६५२,२७८ | ३३५,८१३ | ७९५,११५ |
| ३.१ | जीवन बीमाकोषमा सारेको | ५४५,४५३ | २२९,३४९ | ७७२,५१३ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | १०६,८२६ | १०६,४६४ | २२,६०२ |
| | **अन्य विवरण** | | | |
| १ | कुल बीमाशूल्क आर्जन रकम (रु. हजारमा) (यस आ.व.) | १,४५५,३९५ | ७६४,९४० | १,४४०,०९१ |
| २ | कुल बीमाशूल्क आर्जन रकम (रु. हजारमा) (हाल सम्म) | ९,४८२,२८२ | ८,७९१,८२७ | ६,२८३,९०२ |
| ३ | कुल जारी बीमालेखको संख्या (यस आ.व.) | ४७३,३८६ | १६२,३३४ | १६९,६०० |
| ४ | कूल दावी भुक्तानी रकम (रु. हजारमा) (यस आ.व.) | ५४९,३२१ | ३०१,४६६ | ३७२,४२२ |
| ५ | कूल दावी भुक्तानी संख्या (यस बर्ष) | ९५१ | ३७० | ४५४ |
| ६ | भुक्तानी हुन बाँकी दावी रकम (आंशिक अवधि समाप्ती दावी सहित) (रु. हजारमा) | ४४३,७२२ | ३८८,३६५ | १,८०० |
| ७ | भुक्तानी हुन बाँकी दावी संख्या | ४३ | ३४ | १० |

द्रष्टव्यः
१. लेखापरिक्षण नभएका अंकहरु नियमन निकायको निर्देशन तथा लेखापरिक्षण पश्चात हेरफेर हुन सक्नेछन् ।
२. कम्पनीको माथि उल्लेखित असमाप्त जोखिम बापतको व्यवस्था बीमाङ्कीय मुल्यांकन पश्चात परिवर्तन हुन सक्नेछ ।
३. कम्पनीको माथि उल्लेखित मुनाफा बीमाङ्कीय मुल्यांकन पश्चात परिवर्तन हुन सक्नेछ ।
४. यस वित्तिय विवरणमा स्थगन कर आय/खर्च गणना गरिएको छैन ।

## आ.व.२०७९/८० को दोस्रो त्रैमासिक प्रतिवेदन
## (धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) को प्रयोजनका लागि)

**१. वित्तीय विवरणः**

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :**

**यस कम्पनीको आ.व. २०७९/८० को दोस्रो त्रैमासिकको वासलात, नाफा नोक्सान सम्बन्धी वित्तीय विवरण यसैसाथ प्रकाशित गरिएको छ।**

कम्पनीले आ.व. २०७९/८० को दोस्रो त्रैमास सम्ममा रु. १६.६८ करोड खुद नाफा आर्जन गर्न सफल भएको छ। गत वर्ष सोहि अवधिमा भएको खुद नाफाको दाँजोमा यस समीक्षा अवधिमा मुनाफामा ११९.३५ प्रतिशतको बृद्धि भएको छ। यस समीक्षा अवधिमा आय व्यय हिसाबबाट रु. ५४.५५ करोड जीवन बीमाकोषमा सारी कुल जीवन बीमाकोष रु. ४.२५ अर्ब भएको छ जुन गत वर्ष सोही अवधिसम्मको कुल जीवन बीमाकोष रु. ३.३७ अर्बको तुलनामा २६.२४ प्रतिशतको बृद्धि हो ।

कम्पनीले आ.व. २०७९/८० को दोस्रो त्रैमास सम्ममा रु. ५४.९३ करोड कुल दावी भुक्तानी गरेको छ। कम्पनीले आ.व. २०७९/८० को दोस्रो त्रैमास सम्ममा रु. ७.१६ अर्ब लगानी गर्न सफल भएको छ, जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. ५.३७ अर्ब मा ३३.४१ प्रतिशतको बृद्धि हो ।

**ख) सम्बन्धित पक्ष (Related Party) बीच भएको कारोबार सम्बन्धी विवरण :** समीक्षा अवधिमा प्रचलित नियम कानूनको अधिनमा रहि संचालकसंग सम्बन्धित संस्थामा कार्यरत कर्मचारी तथा संचालकसंग सम्बन्धित व्यक्तिको बीमा सम्बन्धि कारोबारको विवरण निम्नानूसार छ ।

| | |
|---|---|
| **कारोबारको किसिम :** संचालकसंग सम्बन्धित व्यक्ति वा संस्थामा कार्यरत कर्मचारीको जीवन बीमाशूल्क बापतको आम्दानी | **कारोबार रकम : रु. ६६,७७८** |

**ग) प्रमुख बित्तीय अनुपातहरु :** बीमाङ्कीय मुल्यांकन पश्चात प्राप्त हुने मुनाफा जोड्दा वित्तीय अनुपातहरु फरक पर्न सक्छ ।

| | |
|---|---|
| **प्रति शेयर आम्दानी (वार्षिकरण)* :** रु. १५.८८ | **मूल्य आम्दानी अनुपात :** २८.१४ |
| **प्रति शेयर नेटवर्थ :** रु. १२१.७२ | **प्रति शेयर कुल सम्पत्तिको मूल्य :** रु. ३२४.२६ |

* प्रति शेयर आम्दानी गणना गर्दा अन्तिम शेयर संख्या लिएको छ ।

**२. व्यवस्थापकिय विश्लेषणः**

(क) कम्पनीको आ.व. २०७९/८० को दोस्रो त्रैमासिक अवधिमा कुल बीमाशुल्क रु. १.४६ अर्ब रहेको छ जुन गत आ.व. को सोही अवधिमा प्राप्त कुल बीमा शुल्क रु. १.४४ अर्ब तुलनामा १.०६ प्रतिशतले बृद्धि भएको हो । त्यसैगरी संकलित प्रिमियम तथा जगेडा कोषहरुमा रहेको रकमलाई दीर्घकालीन/अल्पकालीन मुद्रा बजारका उपकरणहरुमा लगानी गरी ब्याज आर्जन गर्न सफल भएको छ ।

(ख) बीमा शिक्षा, बीमा सचेतना, बीमा विस्तार लगायतका काममा अग्रसर रही बजारको माग अनुरुप नयाँ बीमा योजनाहरु प्रस्तुत गरी समग्रमा बिमीतहरुको हितलाई केन्द्रविन्दुमा राखी बीमा बजार विस्तार गर्दै सेवाग्राहिहरुलाई व्यावसायिक बीमा सेवा उपलब्ध गराउने कार्य जारी छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरणः** सो नभएको ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण :**

(क) शेयरको मुल्य बजारमा हुने कारोवारले निर्धारण गर्दछ ।

(ख) त्रैमासिक अवधिको शेयर कारोवारको विवरण :

| | | |
|---|---|---|
| **अधिकतम मूल्य :** रु. ४७६.८० | **न्यूनतम मूल्य :** रु. ३१४ | **अन्तिम मूल्य :** रु. ४४७ |
| **कारोबार संख्या :** २,९८,९४० कित्ता | **कारोबार दिन :** १९ | |

**५. समस्या तथा चुनौतीः** जीवन बीमाक्षेत्रका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार रहेका छन् :

- नेपालका सम्पूर्ण भूभागमा जीवन बीमा सम्बन्धि सचेतना फैलाउने कार्य भईरहेको भएतापनि देशको विकटतम भौगोलिक स्थितीका कारण धेरै स्थानमा जीवन बीमा सम्बन्धि सचेतना कार्यक्रम, बीमा शिक्षाका कार्यक्रमहरु नियमित रुपले सञ्चालन गर्न अनुकुल नभएको कारण अझ पनि जनमानसमा जीवन बीमा बारे जनचेतनाको कमी रहनु ।
- सिमित लगानीका क्षेत्रहरु ।
- विगत केहि समयदेखि विश्वव्यापी महामारीका रुपमा देखापरेको कोभिड १९ ले विश्व तथा नेपालको अर्थतन्त्रमा पारेको प्रतिकुल असरहरु ।
- तरलता संकट र मुद्रास्फीतिले अर्थतन्त्रमा पारेको प्रतिकुल असरहरु ।
- नयाँ योजनाहरु जारी गर्न अनुसन्धान तथा विकासको लागि पर्याप्त र अद्यावधिक तथ्याङ्कको अभाव ।
- जीवन बीमा व्यवसायमा व्यवसायिक अवधारणाको विकास द्रुत गतिमा हुन नसकेको ।

**६. संस्थागत सुशासन :** विद्यमान ऐन कानून तथा नियमन निकायबाट जारी गरिएका निर्देशनको पालना गर्नुका साथै कम्पनीको सञ्चालक समितिले समय समयमा निर्णय गरी लागु गरेका विभिन्न निति नियमहरु बमोजिम व्यवसायिक सुशासन तथा पारदर्शिताका आधारमा कम्पनीले आफ्नो कार्यसम्पादन गरिआएको छ। साथै कम्पनीका सञ्चालक एवं व्यवस्थापन तहका पदाधिकारीहरु रहने गरी लेखापरिक्षण समिति, आर्थिक समिति, लगानी समिति, मानव संसाधन समिति, जोखिम व्यवस्थापन समिति, दावी भुक्तानी समिति, वित्तीय सल्भेन्सी र पूनर्बीमा समिति, कर्मचारी सम्बन्ध समिति र आवश्यकता अनुसार सञ्चालक र व्यवस्थापनका पदाधिकारीहरुको संलग्नतामा समेत विभिन्न समिति/उपसमितिहरु मार्फत सामूहिक रुपमा निर्णयहरु गरी जोखिमलाई कमी गर्ने, उच्चस्तरीय तथा आधुनिक सूचना प्रविधिको उपयोग गरी स्वतन्त्र रुपमा नियमित आन्तरिक लेखापरिक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाई संस्थागत सुशासनको पालना कम्पनीले उच्च रुपमा गरिआएको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः** आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।


**रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड**
नयाँ बानेश्वर, काठमाडौं, सम्पर्क: ०१-५९७०४००
info@relifeinsurance.com, www.relifeinsurance.com